**हाम्रो सेवाकाईको लागि अभिषेक र शक्ति चाहिँ पवित्र आत्मा हामी माथि हो**

Teaching Notes by Franklin

सेवाकाईको लागि अभिषेक : प्रस्थान ३०:२२–३३; ३१:३ लेवी ८:१०–१२,३०

हामी सबै परमप्रभुको सेवकहरु हौं । १ पत्रुस २:९ २ कोरन्थी ५:१८

माथि र अगमवाणि गरे :

१. गन्ती ११:१७,२५–२९ एल्दाद, मेदाद "परमेश्वरको लागि .."
२. व्यवस्था ३४:९ यहोशू भरिएको
३. न्यायकर्ता ३:१० ओत्निएल
४. न्यायकर्ता ६:३४ गिदोन
५. न्यायकर्ता १४:६, १५:१४ शिमशोन
६. १ शामूएल १०:१, ६–१२ शावल
७. १ शामूएल १६:१३, १९:२०–२३ दाउद

भरिए र अगमवाणि गरे :

१. लूका १:१५,२७ बप्तिसमा दिने यूहन्ना "भरिए"
२. लूका १:३५ मरियम "माथि"
३. लूका १:४१–४२ एल्शीबा "भरिए"
४. लूका १:६७ जकरिया "भरिए र अगमवाणि बोले"

बप्तिसमा दिने यूहन्नाको कथन लूका ३:१६

पवित्र आत्मासँग येशूको अनुभव : लूका ३:२१–२१; ४:१,१४,१८

पवित्र आत्माको बारेमा येशूको शिक्षा यूहन्ना ७:३७–३९ १४:१२–१८

क्रुस पछि, पवित्र आत्मा आउनुहुने/फेरि जन्म (पुर्नजन्म)
यूहन्ना २०:२२ तुलना लूका २४:४५

पवित्र आत्मा माथि लूका २४:२२ र प्रेरित १:१–९; २:१–४

नतिजाहरु र ब्याख्या    प्रेरित २:१४–१८,३३,३८–३९ / ४:८,३१,३३ / ६:३,५,८

अरुहरु माथि पवित्र आत्मा आउनुभएको    प्रेरित ८:५–१८/९:१७/१०:४४/१९:१–६

पवित्र आत्मालाई प्राप्त गर्नु    प्रेरित २:३८–३९; लूका ११:११–१३; एफिसी ५:१८

# पवित्र आत्मा – उहाँको सेवाकाई र अभिषेक

Notes by Franklin

उत्पत्ती १:२ पृथ्वी आकारविहिन र रित्तो थियो, अथाह समुद्रमाथि अन्धकार थियो, अनि **परमेश्‍वरको आत्मा पानीमाथि घुमिरहनुभएको थियो** ।

- "घुमिरहनुभएको" – सुस्तरि घुम्नु, जसरी चिल आफ्नो बच्चाहरु मथि घुम्दछ (ब्यवस्था ३२:११) ।
- सृष्टिको शुरुवात देखि नै परमेश्‍वरको आत्मा **परिवर्तन** ल्याउनलाई घुमिरहनुभएको थियो ।
- आकारविहिनबाट **आकृति** र **सुन्दरता** ल्याउनलाई ।
- "" शून्यताबाट **उद्वेश्य** र **मुल्य** ल्याउन । खालीलाई उहाँको **आत्मा**द्वारा भर्न ।
- "" अन्धकारबाट **ज्योति, सत्यता र धार्मिकता** ल्याउन ।
- उहाँको सृष्टिमा परमप्रभुको उद्वेश्य प्राप्त गर्न अगाडि बढ्नु ।

र आज यहि नै उहाँको सेवकाई हो । जहाँ जहाँ उहाँ घुम्नुहुन्छ वा परमप्रभुको उद्वेश्य प्राप्त गर्न **माथि** उहाँ आउनुहुन्छ ।    यहिँ नै उहाँले हामी प्रत्येक वा हाम्रो जीवनमा गरिरहनुभएको छ ।

१ कोरन्थी १०:११ यी कुराहरू तिनीहरूमाथि नमूनास्वरूप घटे अनि **हाम्रो चेतावनीको लागि लेखिए**,
किनकि हामीमा यस युगको अन्त्य आइसकेको छ ।

**पवित्र आत्मा *माथि* चाहिँ सेवाकाईको लागि अभिषेक हो ।**

कुनै पनि व्यक्ति "**मा**" पवित्र आत्मा र कुनै पनि व्यक्ति "**माथि**" पवित्र आत्माको फरकलाई बुझ्नु महत्वपूर्ण छ ।

- **"अलग गरिएको" सेवाकाईको लागि अभिषेक**

**प्रस्थान ३०:२२–२३** तब परमप्रभुले मोशालाई भन्नुभयो, "निम्नलिखित असल मसाला लिनू : (२५) यी सबैबाट एउटा **अभिषेकको पवित्र तेल** बनाउनु, जो अत्तर बनाउने सिपालु व्यक्तिले बनाएको बास्ना युक्त मिश्रण होस् । त्यो **अभिषेक गर्ने पवित्र तेल** हुनेछ । (२६) तब त्यस तेललाई भेट हुने पाल, साक्षीको सन्दुक, (२७) टेबल र त्यसमा भएका सम्पूर्ण सामग्रीहरु, सामदान र त्यसका अरु उपकरणहरु, धूपको वेदी, (२८) र होमबलिको वेदी र त्यसका सबै भाँडाहरु र बाटा र त्यसलाई उभ्याउने चीजसमेत सबैलाई अभिषेक गर्नलाई प्रयोग गर्नू । (२९) तैले यी सबै कुराहरु **पवित्र गर्नू** (वा शुद्ध पार्नु : पवित्र प्रयोगको लागि अलग गरिएको । ६९४२) र तिनीहरु अति **पवित्र** (६९४२) हुनेछन् । जेसुकैले तिनीहरुलाई छोए पनि त्यो पवित्र हुनेछ । (३०) **हारुन र त्यसका छोराहरुलाई अभिषेक** गरेर **पवित्र गर्नू** (६९४२) र **तिनीहरुले पूजाहारीको रुपमा मेरो सेवा गरुन्** । (३१) इस्राएलीहरुलाई भन्नू, यो आउने पुस्ताहरुको लागि मेरो पवित्र अभिषेकको तेल होस् ।

- यो चाँहि परमप्रभुको सेवा गर्नेहरु **माथि** आउने सिकाउने किसिमको पवित्र आत्मा हो , त्यसो गर्नलाई अधिकार दिन ।

- उहाँको पुजाहारीहरु को–को बन्ने भनि परमप्रभुले चुन्नुहुन्थ्यो । उनीहरुको शुद्धिकरणको लागि बलिदानको रगतको आवश्यकता पर्दथ्यो र अभिषेकको तेल उनीहरुको शिर**मा** खन्याईनु पर्दथ्यो (प्रस्थान २९:७, २१) ।

  अभिषेक गर्ने तेल लिएर त्यसको शिर**मा** त्यो खन्याएर त्यसलाई अभिषेक गर्नू ।

- नयाँ नियमको विश्वासीहरु सबै जना सेवकहरु हुन् । २ कोरन्थी ५:१८; १ पत्रुस २:९

❖ **माथि र अगमवाणी**

गन्ती ११:१६–२८ मानिसहरुलाईको पाष्टर बन्न मोशालाई सहायता चाहिएको थियो ।

(१६) परमप्रभुले मोशालाई भन्नुभयो : "तैंले मानिसहरूका अगुवाहरू र अधिकृछहरू भनी जानेका सत्तरी जना धर्म–गुरुहरू मकहाँ ल्याउनू । (१७)म तल ओर्लिआएर त्यहाँ तँसितकुरा गर्नेछु र **म तँमा भएको आत्माबाट लिएर त्यो आत्मा तिनीहरूमा हालिदिनेछु** । तिनीहरूले तँलाई मानिसहरूको भार बोक्न सघाउनेछन् र तँ एक्लैले त्यसलाई बोक्न पर्ने छैन । (१८) "मानिसहरूलाई भन्, भोलि तिमीहरूले मासु खाने तयारीको निम्ति आफैलाई पवित्र बनाउनू । तिमीहरूले हामीसित खानलाई मासु मात्र भइदिए त ! हामीलाई मिश्रमा अझ असल थियो !' भनेर विलाप गरेको परमप्रभुले सुन्नुभयो । अब परमप्रभुले तिमीहरूलाई मासु दिनुहुनेछ र तिमीहरूले त्यो खानेछौ । (१९) तिमीहरूले त्यो खालि एक दिन मात्र, अथवा दुई दिन, अथवा पाँच, दश अथवा बीस दिनसम्म मात्र खाने छैनौ, (२०) तर पूरा एक महिनासम्म अर्थात् नाक लागेर वाक्क भइञ्जेल खानेछौ, किनकि तिमीहरूले आफू बीच हुनुभएको परमप्रभुलाई इन्कार गरेका छौं, अनि उहाँको सामने, हामीले किन मिश्र छोड्यौं ? भनेर बिलाप गरेका छौ ।" (२१) तर मोशाले भने, "यहाँ म पैदल हिँड्नेछ लाख मानिसहरूसित छु, अनि तपाईं तिनीहरूलाई खानलाई एक महिनासम्म मासु दिनेछुँ भनी भन्नुहुन्छ । (२२) के तिनीहरूको लागि बगाल र बथान मारे पनि पर्याप्त गरी पुग्ला ? के समुद्रमा भएका सबै माछा तिनीहरूको लागि पक्रिए तापनि तिनीहरूले यथेष्ट गरी पाउलान् ?" (२३) परमप्रभुले मोशालाई जवाफ दिनुभयो, "के परमप्रभुको हात अति छोटो छ ? म जे भन्छु त्यो तिमीहरूको निम्ति साँचो हुन्छ, कि हुँदैन अब तैंले देख्नेछस् ।" (२४) यसकारण मोशा बाहिर गएर परमप्रभुले भन्नुभएको कुरा मानिसहरूलाई भनिदिए । तिनले तिनीहरूका धर्म–गुरुहरूमध्ये सत्तरी जनालाई एक साथ ल्याएर तिनीहरूलाई पालको चारै तिर उभ्याए । (२५) त्यसपछि परमप्रभु बादलमा ओर्लिआउनुभएर तिनीसित कुरा गर्नुभयो, अनि उहाँले तिनमा भएका **आत्मा** लिएर सत्तरी जना धर्म–गुरुहरू**माथि** लगाइदिनुभयो । जब आत्मा **तिनीहरूमाथि** बस्नुभयो, **तिनीहरूले अगमवाणी बोले**, तर तिनीहरूले फेरि त्यसो गरेनन् । (२६) तरै पनि, एल्दाद र मेदाद नाउँ भएका दुई जना मानिसहरूचाहिँ छाउनीमै बसेका थिए । तिनीहरू धर्म–गुरुहरूमध्ये दर्ता भएका थिए, तर बाहिर छाउनीमा गएनन् । तरै पनि

**आत्मा तिनीहरूमाथि बस्नुभयो**, अनि **तिनीहरूले** छाउनीमै **अगमवाणी** गरे । (२७) एक जना जवान मानिसले दौडेर गई मोशालाई भने, “एल्दाद र मेदादले अगमवाणी गरिरहेका छन् ।” (२८) नूनको छोरा यहोशू जो युवावस्थादेखि नै मोशाका सहायक थिए, तिनले भने, “मेरा प्रभु मोशा, तिनीहरूलाई रोक्नुहोस् !”

सेवाकाईको लागि परिधि तोकिएको र ईष्याको धार्मिक आत्मा, यसलाई सिमित र आराधनाको ठाउँमा मात्र केन्द्रित गर्ने ।

(२९) तर मोशाले जवाफ दिए, “के तिमी मेरो खातिर डाही भएका छौ ? **परमप्रभुले आफ्ना आत्मा आफ्ना सबै मानिसमाथि राखिदिएर** ती सबै अगमवक्ता भइदिए त कति असल हुनेथियो !”

मोशाले परमेश्वरको हृदयको कुरा बोलिरहेको थियो ।

ब्यवस्था ३४:९ अब मोशाले **तिनीमाथि आफ्ना हात राखिदिएकाले** नूनको छोरा **यहोशू बुद्धिका आत्माले भरिए** । यसकारण इस्राएलीहरूले तिनका कुरा सुने, अनि परमप्रभुले मोशालाई दिनुभएका आज्ञाहरू पालन गरे ।

❖ इस्राएलको लागि परमेश्वरले नियुक्ति गर्नुभएको न्यायकर्ताहरु

न्यायकर्ताहरु ३:९-१० तर जब तिनीहरुले परमप्रभुकहाँ पुकारा गरे, उहाँले तिनीहरुको निम्ति एक जना छुटाउने व्यक्ति, अर्थात् कालेबको भाइ केनाजको छोरा ओत्निएललाई खडा गर्नुभयो, जसले तिनीहरुलाई बचाए । (१०) परमप्रभुको आत्मा तिनी**माथि** आउनुभयो र तिनी इस्राएलका न्यायकर्ता भई युद्धमा गए । परमप्रभुले आरामका राजा कूशनरिशातैमलाई ओत्निएलको हातमा सुम्पिदिनुभयो, जसले तिनलाई परास्त गरे ।

न्यायकर्ताहरु ६:३४ तब परमप्रभुको आत्मा गिदोन**माथि** आउनुभयो र तिनले तुरही फुकेर अबीएजेरीहरुलाई तिनको पछि लाग्नलाई बोलाइपठाए ।

न्यायकर्ताहरु १४:६ परमप्रभुको आत्मा तिनी**माथि** शक्तिको साथ आउनुभयो र तिनले त्यस सिंहलाई खाली हातले एउटा पाठोलाई झैं च्यातिदिए ।

न्यायकर्ताहरु १५:१४ तिनी लहीमा पुग्दा पलिश्तीहरु तिनीकहाँ शक्ति**सँग** आउनुभयो । तिनका पाखुरामा भएका डोरीहरु डडेका सनपाटझैं भए र ती बन्धनहरु तिनका पाखुराबाट खसिहाले ।

उत्पत्ती २२:१४ यसकारण अब्राहामले त्यस ठाउँलाई परमप्रभुले जुटाउनुहुन्छ भने । अनि आजको दिनसम्म "परमप्रभुको पहाडमा जुटाइनेछ" भन्ने चलन छ ।

यहोवा यिरे – परमप्रभुले जुटाउनुहुन्छ : उनका नोकरहरुले जे चाहे पनिः साहस, शक्ति, अधिकार, बुद्धि, आत्मा छुटाउने वरदान, आत्माका वरदानहरु ।

- ❖ **शावललाई राजाको रुपमा सेवाकाइ गर्न अभिषेक गरिएको थियो ।**

**१ शमूएल १०:१** तब शमूएलले एउटा ढुँग्रोमा तेल लिएर त्यसलाई शाऊलको शिर**माथि** खन्याएर तिनलाई चुम्बन गरेर भने, "के परमप्रभुले तिमीलाई उहाँको उत्तराधिकारमाथि अगुवा **अभिषेक** गर्नुभएको छैन ? (५)त्यसपछि तिमी पलिश्तीहरूको अड्डा भएको परमेश्वरको गिबामा जानू । शहर पुगे पछि तिमीले सारङ्गी, खैजडी , बासुँरी र वीणा बजाउनेहरूको पछि अगमवाणी गर्दै डाँडाबाट आइरहेका अगमवक्ताहरूको दल भेट्टाउनेछौ । (६) परमप्रभुको आत्मा तिमी**माथि** शक्तिमा आउनुहुनेछ र **तिमीले** तिनीहरूसितै **अगमवाणि गर्नेछौ अनि तिमी परिवर्तन भएर बेग्लै व्यक्ति हुनेछौ** । (हिब्रूमा : प्रेरणाद्धारा बोल्नु वा गाउनु ) (७) यी चिन्हहरू एकपल्ट पूरा भएपछि तिम्रा हातले भेट्टाएका जे पनि गर्नू, किनकि परमप्रभु तिमीसित हुनुहुन्छ । (८) मेरो अगि ओर्लेर गिलगालमा जानू । म निश्चयनै होमबलि र सङ्गति–बलि चढाउन तिमीकहाँ आउनेछु, तर म तिमीकहाँ आएर तिमीले के गर्नुपर्छ भनेर भन्नलाई आउनुअघि तिमीले सात दिनसम्म पर्खनू ।" (९) शमूएललाई छोडन भनी जसै शाऊल फर्के, परमेश्वरले तिनको हृदय परिवर्तन गरिदिनुभयो र त्यस दिन यी चिन्हहरू पूरा भए । (१०) तिनीहरू गिबामा आइपुगेपछि अगमवक्ताहरूको एक दलले तिनलाई भेटे । **परमेश्वरको आत्मा तिनीमाथि शक्तिमा आउनुभयो** र तिनी उनीहरूको **अगमवाणी**मा सामेल भए । (११) जब तिनलाई अघिबाटै चिन्नेहरूले तिनलाई अगमवक्ताहरूसित अगमवाणी गरिरहेका देखे, तिनीहरूले आपसमा भने, "कीशको छोरालाई यो के भयो ? के शाऊल पनि अगमवक्ताहरूमध्येकै हो ?" उनि परिवर्तित भएका थिए, यो प्रत्यक्ष देखिन्थ्यो, र उनि अलग गरिएको थियो ।

❖ शावल राजाको अनाज्ञाकारिता (१ शमूएल १५)

१ शमूएल १५: २२–२३ तर शमूएलले जवाफ दिएः “के परमप्रभु उहाँको आवाज पालन गरेको भन्दा होमबलि र बलिदानहरूमा प्रसन्न हुनुहुन्छ ? **आज्ञापालन** बलिदानभन्दा उत्तम हो, अनि **ध्यान दिनुचाहिँ** साँडे–भेडाको बोसोभन्दा उत्तम हो । (२३) **विरोध मन्त्रतन्त्रको पाप**जस्तै हो, र **हठी** हुनुचाहिँ **मूर्तिपूजे**को दुष्टताझैं हो । तिमीले परमप्रभुको वचनलाई तिरष्कार गरेको कारण उहाँले तिमीलाई राजाको रुपमा तिरष्कार गर्नुभएको छ ।”

- प्रेरित ५:३२ पवित्र आत्मा चाहिँ **उहाँलाई आज्ञापालन** गर्नेहरुलाई दिइएको छ ।

- उसले अनन्त जीवनलाई गुमाएन – उसले आफ्नो स्थानलाई गुमाए र तसर्थ सबै स्थानहरुको लागि अभिषेकको आवश्यकता हुन्छ । (भजन ८९:३०–३४)

❖ शावलको अनाज्ञाकारिताको नतिजा

प्रेरित १३:२२ तर शाऊललाई हटाएपछि, **दाऊद**लाई उहाँले तिनीहरूको राजा बनाउनुभयो । तिनको विषयमा साक्षी दिँदै परमेश्वरले भन्नुभयोः यिशैको छोरा दाऊदलाई मैले आफ्नो हृदयअनुसारको मानिस पाएँ, उसबाट म जे काम गराउन चाहन्छु त्यसले ती **सबै** काम **गर्नेछ** ।’

**१ शमूएल १६:१३ दाउदको अभिषेक भएको**

यसकारण शमूएलले **तेल**को सीङ लिएर तिनलाई तिनका दाज्यूहरूको उपस्थितिमा **अभिषेक** गरे र त्यस दिनदेखि तिनी**माथि** परमप्रभुको आत्मा शक्तिमा आउनुभयो । त्यसपछि शमूएल रामामा गए ।

**पद १४ शाउलको अभिषेक रद्ध भएको**

अब **परमप्रभुका आत्मा** शाऊलबाट **गइसक्नुभएको थियो** र परमप्रभुबाटको एउटा दुष्टात्माले तिनलाई सताउँथ्यो । (तुलना गर्नुहोस् मत्ती १८:३४)

- परमप्रभुको इच्छालाई अगाडि बढ्ने स–शक्तिकरणको लागि अभिषेक चाहिन्छ ।

- शावलले परमप्रभुको **आज्ञापालन गरेका थिएनन् : विरोध** – परमप्रभुलाई "हुदैन" भन्नु हो । **हठिपना** – "म मेरो आफ्नै तरिकाले गर्छु" भन्नु हो । तसर्थ दुष्ट आत्मा !
- "परमप्रभुबाटको दुष्ट आत्मा" किनकि शावल परमप्रभुको थियो र दुष्ट आत्माले परमेश्वरको अनुमति बिना उसलाई छुन सक्दैनथ्यो । र उनले यसै गरे ।

(तुलना गर्नुहोस् मत्ती १८:३४)

❖ चाख लाग्दो परिस्थीति

**१ शमूएल १९:२०–२४**

यसकारण तिनले उनलाई पक्रनलाई मानिसहरू पठाए । तर जब तिनीहरूले एक दल अगमवक्ताहरूलाई अगमवाणी गरिरहेको र शमूएललाई तिनीहरूको अगुवा भएर उभिरहेका देखे, **परमप्रभुको आत्मा** शाऊलका मानिसहरूमाथि **आउनुभयो** र तिनीहरूले पनि अगमवाणी गर्न थाले । (२१) शाऊललाई यो कुरा भनियो अनि तिनले अझ बढी मानिसहरू पठाए र तिनीहरूले पनि **अगमवाणी गर्न थाले** । शाऊलले तेस्रोपल्ट मानिसहरू पठाए अनि तिनीहरूले **पनि अगमवाणी गरे** । (२२) आखिरमा **तिनी आफै** रामातिर लागे र सेकुमा भएको ठूलो कुवामा आइपुगे । अनि तिनले सोधे, "शमूएल र दाऊद कहाँ छन् ?" तिनीहरूले भने, "रामाको नैयोतमा छन् ।" (२३) यसकारण शाऊल रामाको नैयोतमा गए । तर परमप्रभुको आत्मा तिनी**माथि** पनि आउनुभयो र तिनी **अगमवाणी गर्दै** नैयोत नआएसम्म हिँडे । (२४) तिनले आफ्नो राजकीय पोशाक उतारे अनि शमूएलको उपस्थितिमा पनि अगमवाणी गरे । तिनले दिन र रातभरि नै त्यसो गरिरहे । यसैकारण मानिसहरू भन्छन्, "के शाऊल पनि अगमवक्ताहरूसितै छन् ?"

- हामीले ध्यानसँग परमप्रभुबाट हो भनि न्याय गर्नुपर्दछ वा यो अप्ठयारो लाग्ने र झुकाउने  परमप्रभुबाट हुन सक्दैन भनि भन्नुहुदैन ।

- यो अगमवाणि चाहिँ "भविष्यको कुरा बोल्नु" भन्दा ज्यादा अर्थ राख्थ्यो जसरी यसले उनीहरुको मिशनलाई पुरा गर्नबाट टाढा राखेको थियो । परमप्रभुले कुनै पनि मिशनलाई बाधा पुऱ्याउन सक्नुहुन्छ ।

भजन १०५:१५ "मेरा अभिषिक्तजनहरूलाई नछोओ, मेरो अगमवक्ताहरूलाई केही हानि नगर ।"

अयूब ५:१२ तिनीहरूका हातले सफलता नपाऊन् भनेर उहाँले चतुरहरूको योजना निष्फल पार्नुहुन्छ ।

भजन ३३:१० परमप्रभुले जाति–जातिका योजनाहरू रद्द तुल्याउनुहुन्छ, उहाँले मानिसहरूका विचार–विमर्शलाई विफल तुल्याउनुहुन्छ ।

**तपाईं**ले आफुलाई परमप्रभुको दूत झैँ, उहाँको मिशनेरि झैँ, र तपाई काममा भए पनि वा जहाँ भए पनि तपाई दिनहुँ तपाईको मिशन कार्यमा हुनुहुन्छ भनि सोच्नु **नै पर्दछ** ।

भविष्यको लागि आत्माको प्रतिज्ञाः

**योएल २: २८–२९** "अनि **यसपछि, म मेरो आत्मा** सबै मानिसहरू**माथि** खन्याउनेछु । तिमीहरूका छोराहरू अनि छोरीहरूले **अगमवाणी गर्नेछन्**, तिमीहरूका बूढा मानिसहरू स्वप्नदर्शी हुनेछन्, तिमीहरूका जवानहरूले दर्शनहरू देख्नेछन् । (२९) **ती दिनहरूमा म मेरो आत्मा** मेरा सेवकहरू, पुरुषहरू अनि स्त्रीहरू दुवैमाथि **खन्याउनेछु** ।

## नयाँ नियम

पवित्र आत्मा प्रकाश पारिएको :

रोमी ८:९ ... परमेश्वरको आत्मा
१ पत्रुस १:११ ... ख्रीष्टको आत्मा
प्रेरित १६:७ ... येशूको आत्मा
फिलिप्पी १:१९ ... येशू ख्रीष्टको आत्मा

❖ **बप्तिसमा दिने यूहन्नाको भनाई**

लूका ३:१६ यूहन्नाले तिनीहरू सबैलाई जवाफ दिँदै भने, "म त तिमीहरूलाई पानीले बप्तिस्मा दिन्छु । तर मभन्दा शक्तिशाली एक जना आउँदैहुनुहुन्छ, जसको जुत्ताको

फित्ता खोल्ने लायकको पनि म छैन । **उहाँले तिमीहरूलाई पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुहुनेछ** ।

- ग्रीक भाषामा यो शब्दको अर्थ – राखिनु , डुब्नु
- "आगो" को अर्थ जोस, सशक्तिकरण, र आगोको शुद्धिकरण काम जसलाई पवित्र आत्मासँग गाबिएको छ ।

हिब्रू १:७ स्वर्गदूतहरूका विषयमा उहाँ भन्नुहुन्छ, "उहाँले आफ्ना दूतहरूलाई बतास (शाब्दिक अर्थ : आत्माहरु) , आफ्ना दासहरूलाई आगोको ज्वाला बनाउनुहुन्छ ।"

सेवकहरुले उहाँको दूतहरु , वा हामीलाई, वा दुवैलाई जनाउन सक्छ । पेन्तिकोषको दिनमा हरेमा "आगोको ज्वालाहरु"आएको थियो र उनीहरुलाई जोशमा परिवर्तन र सशक्तिकरण गरिएको र जोशमा नै भरिएको थियो । माथिल्लो कोठामा डरले लुक्न छोडेर उनीहरु गल्लिहरुका गई साहासीपुर्वक बोलेका थिए : "त्यसैकारण सबै इस्राएलीहरूले यो कुरा निश्चयताका साथ जाननू कि, **तपाईंहरूले क्रूसमा टाँग्नुभएको यिनै येशूलाई** परमेश्वरले प्रभु र ख्रीष्ट दुवै बनाउनुभयो ।" प्रेरित २:३६

- ❖ **पवित्र आत्मासँग येशूको अनुभवः**

येशू ३० वर्षको हुनुहुन्थ्यो, उहाँ आफ्ना संसारिक पितातर्फ दास झैं विश्वासयोग्य हुनुहुन्थ्यो । अब उहाँ उहाँको सेवाकाईमा प्रवेश गर्ने समय भयो ।

**लूका ३:२१–२२** सबै मानिसहरूको बप्तिस्मा हुदाँ, येशूले पनि **बप्तिस्मा** लिनुभयो । अनि उहाँले **प्रार्थना** गर्दैगर्नुहुदाँ स्वर्ग उघ्रियो । (२२) अनि **पवित्र आत्मा** एउटा ढुकुरजस्तै शारीरिक रूपमा उहाँ**माथि** ओर्लनुभयो । अनि स्वर्गबाट एउटा यस्तो आवाज आयोः "तिमी मेरा प्रिय **पुत्र** हून्, तिमीसँग म अति प्रसन्न छु ।"

- उहाँको बप्तिसमा चाहिँ उहाँ पहिलेको जीवनमा मर्नुभयो र अब उहाँ स्वर्गिय पिताको सेवा गर्ने र आज्ञाकारि हुन **सर्मपित** भएको देखाउनलाई हो । तसर्थ पवित्र आत्माको **अभिषेक** उहाँ**माथि** आयो ।

लूका ४:१–२ येशू **पवित्र आत्माको भरपूरीमा** यर्दनबाट फर्कनुभयो र आत्माद्वारा उहाँ उजाड–स्थानमा लगिनुभयो, (२) अनि उहाँ त्यस ठाउँमा चालीस दिनसम्म शैतानबाट परीक्षित हुनुभयो । त्यति दिनसम्म उहाँले केही खानुभएन, र अन्त्यमा उहाँ भोकाउनुभयो ।

- येशू पवित्र आत्मामा **बप्तिसमा लिनुभयो** र तब यहिँ समयमा उहाँ पवित्र आत्मामा **पुरै** भरिनुभयो भनि बताइएको छ ।
- जहाँ **"पहिलो मानिस आदम"** परिक्षामा परि असफल भयो, **"अन्तिम आदम"** (१ कोरन्थी १५:४५) ले परमेश्वरको वचनलाई पालन गरि परिक्षामा सफल हुनुभयो ।

नतिजा :

**लूका ४:१४** येशू आत्माको **शक्ति**मा गालील फर्कनुभयो, र उहाँको बारेमा सारा मुलुकभरि खबर फिँजियो ।

- प्रभुमा आज्ञाकारि र शैतानको परिक्षालाई "नाई" **भन्नु – ले तपाईलाई पवित्र आत्माको शक्तिमा राख्दछ !** प्रेरित ५:३२

❖ येशूले किन उहाँमा पवित्र आत्मा हुनुहुन्छ भनि ब्याख्या गर्नुभएको छ :
**लूका ४:१८–१९** "परमप्रभुको आत्मा ममाथि छ, किनकि गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ । उहाँले मलाई कैदीहरूलाई छुटकाराको घोषणा गर्न, र अन्धाहरूलाई दृष्टि दिलाउन, (१९) अनि परमप्रभुको निगाहको वर्ष घोषणा गर्न पठाउनुभएको छ ।"

❖ अहिले येशूले हामीलाई उहाँको मिसन दिनुभएको छ । (यूहन्ना १७:१८, २०:२१)

❖ यहि नै पवित्र आत्माको मुख्य उद्धेश्य हो कि जो कोही**मा** आउनु र उनीहरुलाई **सशक्तिकरण** गर्नु हो – मिसनरी बन्नु / गवाही बन्नु/उहाँको सेवक बन्नु

❖ पवित्र आत्माको बारेमा येशूको शिक्षा

**यूहन्ना ७:३७–३९** चाडको अन्तिम र प्रमुख दिनमा येशू उभिएर उच्च सोरमा भन्नुभयो, **"यदि कोही**
तिर्खाउँछ भने, त्यो मकहाँ आओस् र पिओस् । **जसले** ममाथि **विश्वास** गर्छ, धर्मशास्त्रले भनेअनुसार (यशैया ४४:३) **त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन्** ।

- जो कोही जसले विश्वास गर्दछ – जति धेरै तपाई पिउनुहुन्छ, त्यति धेरै जीवनको नदी तपाईबाट अरुहरुमा बग्दछ । यो अभिषेक /पवित्र आत्माको अभिषेक चाहिँ तिनीहरुलाई जो आउदँछ /पिउदँछ /उहाँको आज्ञापालन र सेवा गर्दछ ।

यो कुरा उहाँले **पवित्र आत्मा**को विषयमा भन्नुभएको थियो, जसलाई उहाँमाथि विश्वास गर्नेहरूले **प्राप्त** गर्न लागेका थिए । **त्यस बेलासम्म पवित्र आत्मा दिइनुभएको थिएन**, किनकि येशू अझैसम्म महिमित हुनुभएको थिएन । (यशैया ४४:३, ५५:१, ५८:११)

- अहिलेसम्म दिइएको छैन? हामीले पुरानो नियमबाट देख्दछौं । उहाँ धेरैमा आउनुहुन्छ । "अहिलेसम्म दिइएको छैन?" भन्नुको अर्थ के हो ।

**यूहन्ना १६:७** ७तर म तिमीहरूलाई साँच्चै भन्दछुः **तिमीहरूको भलाइको** निम्ति नै म जाँदैछु । म नगएसम्म, सल्लाहकार तिमीहरूकहाँ आउनुहुनेछैन । **तर यदि म गएँ भने, म उहाँलाई तिमीहरूकहाँ पठाइदिनेछु ।** **प्रतिज्ञा** ।

- पहिला येशूले पहिला क्रुसमा पापको समस्यालाई सम्हाल्नुपर्दथ्यो (२ कोरन्थी ५:२१) र दोस्रो, हरेक **"मा"** पवित्र आत्मा पठाउनु भन्दा पहिला महिमित हुनु । पापमय मन्दिरमा पवित्र आत्मा बास गर्नुहुन्न/जीउनुहुन्न ।

**यूहन्ना १६: १३–१५** तर जब उहाँ, अर्थात् सत्यका आत्मा आउनुहुन्छ, तब **उहाँले तिमीहरूलाई सबै सत्यतामा <u>डोऱ्याउनुहुनेछ</u>** । उहाँ आफ्नै तर्फबाट बोल्नुहुने छैन तर उहाँले आफूले जे सुन्नुहुन्छ त्यही बोल्नुहुनेछ, र **उहाँले तिमीहरूलाई हुन आउने कुराहरू <u>घोषणा गरिदिनुहुनेछ</u>** । (१४) जे मेरा हुन् त्यसबाट लिएर त्यो तिमीहरूलाई

प्रकट गरिदिएर **उहाँले मेरो <u>महिमा</u> गर्नुहुनेछ** । (१५) जे जति पिताका हुन्, ती मेरा हुन् । त्यसैकारण जे मेरा हुन् त्यसबाट लिएर आत्माले त्यो तिमीहरूलाई प्रकट गरिदिनुहुनेछ भनी मैले भनेको हुँ, ।

(तुलना गर्नुहोस् १ कोरन्थी ६:१९–२०)

**यूहन्ना १४:२६** पिताले मेरो नाउँमा पठाइदिनुहुने सल्लाहकार, अर्थात् पवित्र आत्माले **तिमीहरूलाई सबै कुराहरू सिकाउनुहुनेछ**, र मैले तिमीहरूलाई भनेको **प्रत्येक कुरा पनि सम्झना गराइदिनुहुनेछ** ।

- हामीलाई शिक्षकको अति आवश्वक छ !
- हामीले पवित्र आत्मासँग घनिष्ट सम्बन्ध बनाउनु पर्दछ ।
- हामीले उहाँको आवाजलाई सुन्नु र सिक्न पर्दछ ।

**यूहन्ना १५:२६–२७** "जब मैले पिताको तर्फबाट **तिमीहरूकहाँ पठाइदिने सल्लाहकार**, अर्थात् पिताबाट आउनुहुने पवित्र आत्मा तिमीहरूकहाँ आउनुहुनेछ, तब **उहाँले मेरो विषयमा साक्षी दिनुहुनेछ** । (२७) अनि **तिमीहरूले पनि साक्षी दिनैपर्छ**, किनकि तिमीहरू शुरुदेखि नै मसँग रहेका छौ ।"

- यदि तपाई "आत्मानुसार हिड्नुहुन्छ" भने (गलाती ५:१६) तपाईले सत्य मात्र बोल्नुहुन्छ, र तपाई ले निरन्तर येशूको गवाही दिनुहुनेछ ।
- नयाँ नियम पवित्र आत्माको प्रेरणाद्धारा लेखिएको हो – शुरुवात देखि येशूसँग भएका मानिसहरुले सत्यतामा बोले । समपूर्ण पवित्र–शास्त्र परमेश्वरको प्रेरणा (श्वास वा हलुका हावा) बाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालिम दिनलाई लाभदायक हुन्छ । २ तिमोथी ३:१६

**यूहन्ना १४:१२** म तिमीहरूलाई साँचो भन्दछु, ममाथि विश्वास गर्ने **जसले पनि मैले गरिरहेका यी कामहरू गर्नेछ** । अनि उसले यीभन्दा अझ **ठूला ठूला कार्य** पनि गर्नेछ, किनकि म पिताकहाँ जाँदैछु ।

- संसारले स्त्री र पुरुषहरु पवित्र आत्माले भरिएको देख्न चाहान्छ, सुन्नु, आज्ञाकारि हुनु, गवाही दिनु, कामहरु गर्नु, येशूको सेवाकाई जसरी लूका ४:१८मा लेखिएको छ ।

**यूहन्ना १४:१६** म पितासँग मागिदिनेछु र **उहाँले तिमीहरूलाई** अर्को सल्लाहकार **दिनुहुनेछ** । उहाँ **सधैं तिमीहरूसगँ हुनु हुनेछ** । (१७) उहाँ सत्यका आत्मा हुनुहुन्छ । संसारले उहाँलाई ग्रहण गर्न सक्दैन । किनकि संसारले उहाँलाई देख्दैन, अनि चिन्दैन पनि । तर तिमीहरूले उहाँलाई चिन्दछौ, किनकि **उहाँ तिमीहरूसँग रहनुहुन्छ र उहाँ तिमीहरूभित्र हुनुहुनेछ** ।

- पवित्र आत्मा चेलाहरु“मा” हुनुहुन्थ्यो !
- उनीहरु आत्मामा जन्मेका थिएनन् ! उनीहरुबाट पाप हटाइएको थिएन ।
- यसले उनीहरुको अन्य प्रश्नहरुलाई ब्याख्या गर्दछ, जस्तै : “उहाँ केको बारेमा बोल्दैहुनुहुन्छ ?”

**१ कोरन्थी २:१४** जो **आत्मिक व्यक्ति होइन** त्यसले परमेश्‍वरको आत्माबाट आएको कुराहरू गहृण गदर्नै , किनकि ती त्यसको निम्ति मूर्खता हुन्छन्, अनि त्यसले ती बुझ्न सक्दैन, किनकि ती आत्मिक रीतिले जाँचिन्छन् ।

- जबसम्म मानिस आत्मामा जन्मदैन र उन “**मा**” पवित्र आत्मा हुनुहुन्न, ऊ प्राकृतिक मानिस हो र उसले आत्मिकी कुरुहरु बुझदैन ।

## तसर्थ, चेलाहरु कहिले आत्मामा जन्मिए होलान् ?

- ❖ उत्तर : पुनरुत्थानको दिन

**यूहन्ना २०:२१–२२** उहाँले तिनीहरूलाई फेरि भन्नुभयो, “तिमीहरूलाई शान्ति होस् । **पिताले मलाई पठाएझैं, म पनि तिमीहरूलाई पठाउँदैछु** ।”

- पिताले कसरी पुत्रलाई पठाउनुभयो ?
    - आत्मामा जन्मेको
    - पवित्र आत्मामा अभिषेक र सशक्तिकरण भएको

**पद २२** त्यसपछि **तिनीहरूमाथि आफ्नो श्‍वास फुकेर उहाँले भन्‍नुभयो, "पवित्र आत्मा लेओ** ।

- "**प्राप्त गरिएको**" चाहिँ (आज्ञार्थ) जाहाँको त्यहि नै प्राप्त गर्नको लागि आज्ञा ।

- **पाप क्षमा र हटाइएको छ**, र अब पवित्र आत्मा आउनसक्नुहुन्छ र विश्‍वासीहरुमा बास गर्नसक्नुहुन्छ ।

- धर्मशास्त्रको कुन खण्डमा परमेश्‍वरले मानिसमा फुक्नुभएको छ ।
  (आदमः उत्पत्ती २:७)

- **पुर्नरुत्थानको दिनमा** चेलाहरु **आत्मामा जन्मिएका थिए** ।

❖ लूकाले लेख्नुभएनुसार पुर्नरुत्थान दिनको तुलना गर्नुहोस्

**लूका २४:४५** त्यसपछि तिनीहरूले धर्मशास्त्रका कुराहरू बुझ्‍न सकून् भनेर उहाँले **तिनीहरूका**
**समझ खोलिदिनुभयो** ।

- पवित्र आत्मामा उनीहरुमा आउनुभए पछि उनीहरुको मन खोलिएको थियो :

    - त्यसपछि उनीहरु आत्मामा जन्मिएको थियो

    - अब उनीहरुमा आत्मिकी बुझाइ आएको थियो ।

    - यो यर्मिया ३१:३३–३४, इजकिएल ३६:२६–२७ मा लेखिएको छ ।

**यर्मिया ३१:३३–३४** “यो मैले इस्राएलको घरानासित त्यस समयपछि बाँध्ने **करार** हो” परमप्रभु घोषणा गर्नुहुन्छ । “म आफ्नो व्यवस्था तिनीहरूको मन**मा** हालिदिनेछु, अनि त्यसलाई तिनीहरूका हृदयहरूमा लेखिदिनेछु । म तिनीहरूका परमेश्वर हुनेछु, अनि तिनीहरू मेरा प्रजा हुनेछन् । कुनै मानिसले फेरि कहिल्यै आफ्नो छिमेकीलाई अथवा कुनै मानिसले आफ्नो दाज्यूभाइलाई **परमेश्वरलाई चिन्नूँ** भनेर सिकाउनेछैन, किनकि तिनीहरूमध्ये सबैभन्दा सानादेखि लिएर सबैभन्दा ठूलासम्मले मलाई चिन्नेछन्,” परमप्रभु घोषणा गर्नुहुन्छ । किनकि म तिनीहरूका दुष्टता क्षमा गरिदिनेछु, अनि तिनीहरूका पापहरू फेरि सम्झनेछैनँ ।”

**इजकिएल ३६:२६–२७** म तिमीहरूलाई **एउटा नयाँ हृदय दिनेछु** र तिमीहरूमा एउटा **नयाँ आत्मा हालिदिनेछु** म तिमीहरूबाट तिमीहरूका ढुङ्गाका हृदय निकालेर तिमीहरूलाई मासुको हृदय दिनेछु । (२७) अनि **म आफ्नो आत्मा तिमीहरूमा हालिदिनेछु** र तिमीहरूलाई मेरा आदेशहरू पालन गर्ने र मेरा नियमहरू होशियारीसाथ मान्ने तुल्याउनेछु ।

- ❖ पवित्र आत्मा हरेक विश्वासी“मा” हुनुहुन्छ

रोमी ८:९–११ **परमेश्वरको आत्मा तिमीहरूमा वास गर्नुहुन्छ** भने, तिमीहरूलाई पाप–स्वभावले होइन तर पवित्र आत्माले नियन्त्रण गरेको हुन्छ । कसैमा ख्रीष्टको आत्मा छैन भने, ऊ ख्रीष्टको हुनसक्दैन । (१०) तर ख्रीष्ट **तिमीहरूसँग** हुनुहुन्छ भने, तिमीहरूको शरीर पापले गर्दा मरेको भए तापनि धार्मिकताले गर्दा आत्मा जीवित हुन्छ । (११) अनि ख्रीष्टलाई मरेकाबाट जीवित पार्नुहुनेको आत्मा तिमीहरू**मा** वास गर्नुहुन्छ भने, ख्रीष्टलाई मरेकाबाट जीवित पार्नुहुनेले तिमीहरूको नाशमान् शरीरमा पनि आत्माद्वारा जीवन हालिदिनुहुन्छ, जुन आत्मा तिमीहरू**मा** वास गर्नुहुन्छ ।

- ❖ उनीहरुमा पवित्र आत्मा :

**लूका २४:४७** अनि यरूशलेमदेखि शुरु गरेर सबै जातिहरूलाई उहाँको नाउँमा पश्चात्ताप र पाप क्षमाको **प्रचार** हुनेछ ।

उनीहरुलाई महान् आज्ञा दिइयो ।

**लूका २४:४९** मेरा पिताले **प्रतिज्ञा** गर्नुभएको कुरा म **तिमीहरूकहाँ** पठाउनेछू , तर माथिबाट आउने **शक्तिले सुसज्जित** नभए**सम्म** यसै शहरमा बसिरहो ।"

- उनीहरु आत्मामा जन्मिएका थिए ।
- महान् आज्ञा दिइएको थियो ।
- उनीहरु सेवाकाइको लागि तैयार थिएनन्
- उनीहरु अभिषेक थिएनन् /बप्तिसमा पाएका थिएन/सशक्तिकरण भएका थिएनन् ।

यो प्रेरितको पुस्तक कस्ले लेखेको हो ? डा. लूका – तसर्थ हामीले प्रेरितको पुस्तकलाई खोलेर पढ्नसक्छौं ।

**प्रेरित १:१–५** प्रिय थियोफिलस, येशूले गर्न र सिकाउन थाल्नुभएका सबै कुराका बारेमा मैले मेरो पहिलो पुस्तकमा लेखेको छ । (२) आफैले छान्नुभएका प्रेरितहरूलाई **उहाँले (पवित्र आत्माद्वारा) आदेश दिनुभएको** दिनदेखि उहाँ स्वर्गमा उठाएर लगिनुभएको दिनसम्मको वृत्तान्त मैले मेरो त्यसै पुस्तकमा वर्णन गरिसकेको छ । (३) आपूmले दुःख सहनुभएपछि, उहाँ ती मानिसहरूका सामु प्रकट हुनुभयो र आपूm जीवित हुनुभएको विश्वास लाग्दा धेरै प्रमाणहरू तिनीहरूलाई दिनुभयो । तिनीहरूका सामु उहाँ **चालीस दिन**सम्म देखा परिरहनुभयो र परमेश्वरको राज्यको बारेमा तिनीहरूलाई बताउनुभयो ।

- ❖ **४० दिने बाइबल स्कुल** ! उनीहरु येशूसँग तिन वर्षसम्म थिए, तर अहिले मात्र उनिहरुले उनिहरु भित्र पवित्र आत्मा हुनुहुन्छ भनि बुझें ।

(४) तिनीहरूसँगै भोजन गरिरहेको बेला, एकपल्ट तिनीहरूलाई उहाँले यस्तो आज्ञा दिनुभयोः "मैले तिमीहरूलाई भनेका पिताको **प्रतिज्ञा**को वरदानलाई पर्खेर बस, त्यो प्राप्त नहुन्जेल यरूशलेमलाई नछोड । (५) किनकि यूहन्नाले त पानीले बप्तिस्मा दिए, तर केही दिनमा **तिमीहरू पवित्र आत्मामा बप्तिस्मा हुनेछौ** ।"

**प्रेरित १:८** तर पवित्र आत्मा तिमीहरू**माथि** आउनुभएपछि तिमीहरूले **शक्ति** पाउनेछौं; र तिमीहरू यरूशलेममा, सम्पूर्ण यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरो साक्षी हुनेछौ ।"

❖ **नतिजाहरु र ब्याख्या**

**प्रेरित २:१–१३** जब पेन्तिकोसको दिन आइपुग्यो, तिनीहरू सबै एकै ठाउँमा एकसाथ भेला भएका थिए । (२) अचानक ठूलो बतास बहेको **हुरी**को जस्तै एउटा ठूलो आवाज त्यहाँ स्वर्गबाट आयो र तिनीहरू बसिरहेको पूरै घरलाई त्यसले भरिदियो । (३) टुक्राटुक्रा भएर छुट्टिएका **आगो**का जिब्राहरूझैं तिनीहरूले देखे र ती तिनीहरू हरेकमाथि आएर बसे । (४) तिनीहरू सबै पवित्र आत्माले **भरिए** र पवित्र आत्माले समर्थ बनाउनु भएअनुसार तिनीहरू **अन्य भाषामा बोल्नथाले** । (५) त्यस समयमा स्वर्गको मुनि भएका **हरेक देश**बाट प्रभुको भय मान्ने यहूदीहरू यरूशलेममा बसोबास गर्थे । (६) जब तिनीहरूले यो आवाज सुने, अति आश्चर्यचकित हुदैँ एउटा भीड त्यहाँ जम्मा भयो, किनकि **हरेकले तिनीहरूलाई आ–आफ्ना भाषामा बोलिरहेका सुनेका थिए** । (७) एकदमै अचम्म मानेर तिनीहरूले प्रश्न गरेः "यी बोल्ने सबै मानिसहरू के गालीलीहरू होइनन् र ? (८) त कसरी तिनीहरू हरेकले हाम्रा मातृभाषामा बोलिरहेका हामीहरू सुन्दैछौं ? (९) हामीहरू यहाँ पार्थीहरू, मादीहरू र एलामीहरू; मेसोपोटामिया, यहूदिया, कापाडोकिया, पोन्टस र एशियाका (१०) अनि फ्रिगिया र पामफिलिया, मिश्रदेश र साइरिनीमा पर्ने लिबियाका धेरैजसो क्षेत्रहरूका बासिन्दाहरू छांै र रोमबाट आएका परदेशीहरू (११) (यहूदी र यहूदी धर्म मान्नेहरू दुवै); क्रेटका बासिन्दाहरू र अरबीहरू पनि छौ, अनि सबैले **आफ्ना–आफ्ना भाषामा** परमेश्वरको अचम्मका कार्यहरूको चर्चा तिनीहरूले गरिरहेका सुन्दैछौं ।" (१२) अचम्म र अन्योलमा परेर तिनीहरू एक अर्कालाई प्रश्न गर्न थाले, "यसको अर्थ के हो ?" (१३) तर कतिले तिनीहरूको हाँसो गरेर भने, "धेरै मद्यपान गरेर तिनीहरू मात्तिएका हुन् ।"

❖ **तीन किसिमका अन्य भाषाहरु :**

**१. तपाईले नजान्नु भएको भाषा बोल्ने अचम्मको काम ।**

**१ कोरन्थी १४:२०–२२** हे भाइ हो, बालकहरूले जस्तो सोच्न छाडिंदेओ । खराबीमा बालक बन, तर तिमीहरूको सोचाइमा प्राढैं बन । (२१) व्यवस्थामा यो लेखिएको छ

: "अचम्मको बोली भएका मानिसहरूद्वारा अनि **परदेशीहरूका ओठहरूद्वारा म यस जातिसित बोल्नेछु**, तरै पनि तिनीहरूले मेरा कुरा सुन्नेछैनन्," परमप्रभु भन्नुहुन्छ । (२२) यसकारण, भाषाहरू विश्वासीहरूको लागि होइन, **तर विश्वास नगर्नेहरूको लागि** चिन्ह हो, तरै पनि अगमवाणीचाहिँ, अविश्वासीहरूको लागि होइन, तर विश्वासीहरूको लागि हो ।

- यहि नै पेन्तिकोषको दिनमा भयो । प्रेरित २:४–११

**२. येशूमा तपाईमा पवित्र आत्माबाटको प्रार्थनाको भाषा ।**

**१ कोरन्थी १४:२** किनकि जसले अन्य भाषामा **बोल्छ**, उसले मानिसहरूसित होइन तर **परमेश्वरसित**
बोल्छ । साँच्चै, उसलाई कसैले बुझ्दैनू किनकि उसले आफ्नो आत्माले रहस्यका कुराहरू बोल्छ ।

**१ कोरन्थी १४:४** जसले अन्य भाषामा बोल्छ उसले आफनो सुधार गर्छ, तर जसले अगमवाणी गर्छ उसले मण्डलीको **सुधार गर्छ** ।

**यहूदा २०** ले पनि त्यहिँ भन्छ : तर प्रिय मित्र हो, **तिमीहरूले त आफैलाई** अति पवित्र विश्वासमा निर्माण गर अनि पवित्र आत्मामा प्रार्थना गर ।

**१ कोरन्थी १४: १४–१५** किनकि यदि मैले अन्य भाषामा प्रार्थना गरें भने, **मेरो आत्माले प्रार्थना गर्छ, तर मेरो मन काम नलाग्ने भएको हुन्छ** । (१५) यसकारण म के गरूँ ? म मेरो आत्माले प्रार्थना गर्छु, तर म मेरो मनले पनि प्रार्थना गर्छु म मेरो आत्माले गीत गाउछुँ तर म मेरो मनले पनि गीत गाउछुँ ।

**रोमी ८:२६–२७** यस्तै प्रकारले, पवित्र आत्माले हामीलाई हाम्रो दुर्बलतामा सहायता गर्नुहुन्छ । हामीले कसरी प्रार्थना गर्नुपर्ने हो सो हामी जान्दैनौं, तर **पवित्र आत्मा स्वयम्ले हाम्रो मध्यस्त गरेर** शब्दले व्यक्त गर्न नसक्ने स्वरले अन्तरबिन्ती गरिदिनुहुन्छ । (२७) अनि हाम्रो मनको जाँच गर्नेलाई थाहा हुन्छ, आत्माको इच्छा के छ, किनकि **पवित्र आत्माले परमेश्वरको इच्छाअनुसार सन्तहरूको निम्ति बिन्ती**

**गरिदिनुहुन्छ** । (* ग्रीक भाषामा यस्को अर्थ : लामो स्वास लिनु, गनगन, वा दुःखमा अरुले नसुन्ने तरिकामा प्रार्थना गर्नु ।)

यो अति आवश्यक र महत्वपूर्ण वरदान हो र पावल भन्नुहुन्छ :

**१ कोरन्थी १४: १८** परमेश्वरलाई धन्यवाद होस्, कि म अन्य भाषामा तिमीहरू सबैभन्दा बढी बोल्छु ।

**१ कोरन्थी १४: ५** तिमीहरू हरेकले अन्य भाषामा बोल भन्ने म चाहन्छु ।

३. अनुवाद सहितको अगमवाणिको भाषा

**१ कोरन्थी १४: ५** तिमीहरू हरेकले अन्य भाषामा बोल भन्ने म चाहन्छु, तर झन् बढी तिमीहरूले अगमवाणी गरेको चाहन्छु । **मण्डलीको सुधार होस् भनेर अर्थ खोलिएन भने, विभिन्न भाषामा बोल्नेभन्दा अगमवाणी बोल्ने श्रेष्ठ हो ।**

**१ कोरन्थी १४: २६–२८** तब हे भाइ हो, हामी के भनौं त ? **जब तिमीहरू एकसाथ भेला हुन्छौ**, हरेकसित भजन अथवा सुधारका कुरा, प्रकाश, **भाषा** अथवा **अर्थ खोलाइ** हुन्छ । यी सबै मण्डलीलाई बलियो बनाउनमा प्रयोग गरियोस् । (२७) **यदि** कसैले अन्य भाषा बोल्यो भने, दुई जनाले अथवा बढीभन्दा बढी तीन जनाले बोलून्, त्यो पनि पालो पालोसित, अनि **कसैले अर्थ खोलोस्** । (२८) तर यदि अर्थ खोल्ने कोही नभए, **त्यो मण्डलीमा चूप बसोस्** र आफै अनि परमेश्वरसित बोलोस् ।

❖ पत्रुसको प्रचार :

**प्रेरित २:१४–१८** तब पत्रुस एघारै जनासगँ उभिए र उच्च स्वरमा भीडलाई यसरी सम्बोधन गरेः "यहूदी मित्रहरू र यरूशलेममा बस्नुहुने तपाईं सबै मानिसहरू, तपाईंहरूसमक्ष यसको अर्थ मलाई वर्णन गर्न दिनुहोस् र म जे भन्छु त्यो ध्यानपूर्वक सुनिदिनुहोस् । (१५) तपाईंहरूले ठानेझैँ यी मानिसहरू मातेका छैनन् । अहिले बिहानको नौ मात्र बजेको छ । (१६) तर **यो त अगमवक्ता योएलद्वारा बोलिएको कुरो** नै होः (१७) "'अन्तिम दिनहरूमा यस्तो हुनेछ भनि परमेश्वर भन्नुहुन्छ, **सबै मानिसहरूमाथि म मेरो आत्मा खन्याइदिनेछु** । अनि तिमीहरूका छोराछोरीहरूले

**अगमवाणी बोल्नेछन्**, तिमीहरूका युवकहरूले **दर्शन देख्नेछन्**, तिमीहरूका बुढापाकाहरूले **सपना देख्नेछन्** । (१८) ती दिनहरूमा मेरा दासदासीहरूमाथि पनि म मेरो आत्मा खन्याइदिनेछु, अनि तिनीहरूले अगमवाणी बोल्नेछन् । (प्रेरित कुराहरु बोलिएको ।)

**प्रेरित २: ३३, ३७–३९** परमेश्वरको दाहिनेपट्टि उहाँले उच्च स्थान पाउनुभयो । अनि **परमेश्वरबाट प्रतिज्ञा गरिएको** पवित्र आत्मा **प्राप्त गर्नुभयो** र त्यसैलाई यहाँ खन्याइदिनुभयो जुन तपाईंहरू अहिले **देख्दै र सुन्दै हुनुहुन्छ** । (३७) जब त्यहाँ जम्मा भएका मानिसहरूले यो कुरा सुने, तिनीहरूको हृदय छियाछिया भयो । अनि तिनीहरूले पत्रुस र अरू प्रेरितहरूलाई सोधे, "ए भाइ हो, **अब हामीले के गर्नुपर्छ ?"** (३८) पत्रुसले जवाफ दिए, "तपाईंहरूले गरेका पाप क्षमाको निम्ति **पश्चात्ताप गर्नुहोस्** र येशू ख्रीष्टको नाममा तपाईंहरू हरेकले **बप्तिस्मा लिनुहोस्** । त्यसपछि तपाईंहरूले पवित्र आत्माको वरदान **प्राप्त गर्नुहुनेछ** । (३९) किनकि **परमेश्वरले प्रतिज्ञा तपाईंहरूका निम्ति, तपाईंका सन्तानका निम्ति र टाढा–टाढा बस्नेहरूका निम्ति गर्नुभएको हो । ती सबैका निम्ति जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ** ।"

**प्रेरित ४:८** त्यसपछि **पवित्र आत्माले भरिएका** पत्रुसले तिनीहरूलाई यस्तो जवाफ दिएः "जनताका शासकहरू र धर्मगुरुहरू हो ।

**प्रेरित ४:३१** तिनीहरूको प्रार्थनापछि, तिनीहरू बसिरहेको ठाउँ हल्लियो । अनि तिनीहरू **सबै जना पवित्र आत्माले भरिएर** परमेश्वरको वचन **साहससाथ बोल्नथाले** ।

**प्रेरित ४:३३ ठूलो शक्ति**का साथ प्रेरितहरू प्रभु येशू जीवित पारिनुभएको निरन्तर साक्षी दिन्थे, र तिनीहरू सबै**माथि प्रशस्त अनुग्रह** थियो ।

**प्रेरित ६:३** भाइहरू हो, आफ्ना बीचबाट **पवित्र आत्मा र बुद्धिले भरिएका** अनि सबैको आदर पाएका सात जना मानिसहरू छान जसलाई हामी यस काममा नियुक्त गर्न सक्छौं ।

डिकनहरु वा कोही पनि सेवाको लागि चुनाव गर्दा, यि सुझाबहरु : "आत्माले भरिएको" । प्रस्थान ३०:२२–२३ र तल दिएकोमा झैं यो अभिषेकको आवश्यकता छ ।

**प्रेरित ६:५** यो प्रस्तावले समूहका सबैलाई खुशी तुल्यायो । **पवित्र आत्मा र विश्वासले भरिपूर्ण** भएका स्तिफनस, फिलिप, प्रखरस, निकनोर, तीमोन, पर्मिनास र एन्टिओखियाका यहूदी धर्म मान्ने शिक्षित निकोलाउसलाई तिनीहरूले छाने ।

**प्रेरित ६:८** परमेश्वरको **शक्ति र अनुग्रहले भरिपूर्ण** भएका स्तिफनसले मानिसहरूका सामु **अलौकिक चिन्हहरू र अचम्मका कामहरू गरे ।**

## ❖ पवित्र आत्मा अरुहरुमाथि आउनुभएको

- सामरियामा फिलिप

  **प्रेरित ८:४–६** तितरबितर भई जानेहरू जहाँजहाँ पुगे तिनीहरूले वचनको प्रचार गरे । सामरियाको एउटा शहरमा पुगेर फिलिपले त्यहाँ येशूको प्रचार गरे । फिलिपका मुखबाट निस्केका वाणीहरू जब भीडले सुने र उनले गरेका **अलौकिक चिन्हहरू देखे, ती सबैले उनले बोलेका वचनहरूमा निकै ध्यान दिए ।**

  **प्रेरित ८:१२** तर परमेश्वरको राज्यको सुसमाचार र येशू ख्रीष्टको नाउँको **प्रचार फिलिपले** गरेको तिनीहरूले जसै **विश्वास गरे, स्त्री–पुरुष सबैले बप्तिस्मा लिए ।**

  **प्रेरित ८:१४–१७** सामरियाका मानिसहरूले **परमेश्वरको वचन ग्रहण गरे**को जब यरूशलेमका पे्ररितहरूले सुने, तिनीहरूले पत्रुस र यूहन्नालाई तिनीहरूकहाँ पठाए । जब तिनीहरू त्यहाँ आइपुगे, ती मानिसहरूले **पवित्र आत्मा प्राप्त गर्न** सकून् भनेर तिनीहरूले प्रार्थना गरे, किनकि **कसैमा पनि पवित्र आत्मा अझै आउनुभएको थिएन** । प्रभु येशूको नाउँमा तिनीहरूले खालि बप्तिस्मा मात्रै लिएका थिए । त्यसैकारण **तिनीहरूको टाउकोमाथि** पत्रुस र यूहन्नाले **आफ्नो हात राखिदिए, अनि तिनीहरूमा पवित्र आत्माआउनुभयो ।**

- शाऊलको परिवर्‌तन : प्रेरित ९:१७

  त्यसपछि हननिया त्यस घरभित्र गए । **शाऊलको शिरमा आफ्ना हातहरू राखेर** उनले यसो भने, "भाइ शाऊल, तिमी यस शहरमा आउँदा तिमीलाई बाटोमा दर्शन दिनुहुने प्रभु येशूले मलाई यहाँ पठाउनुभएको छ, जसले गर्दा तिमी फेरि देख्न सक र **तिमी पवित्र आत्माले भरिऊ ।**"

- कर्नेलियसको परिवर्तन : प्रेरित १०:४४

  पत्रुस जुन बेला यस्तो वचन बोलिरहेका थिए, उनका सुसमाचार ग्रहण **गर्नेहरूमा पवित्र आत्मा आउनुभयो** । त्यसरी गरै –यहूदीहरूमा पनि **पवित्र आत्माको वरदान खन्याइएको** देखेर पत्रुसका साथमा आउने खतना भएका विश्वासीहरू अचम्मित भए । किनकि उनीहरू **अन्य भाषामा बोलिरहेका** र परमेश्वरको प्रशंसा गरिरहेका उनीहरूले सुने । त्यसपछि पत्रुसले भने, "के अब यी मानिसहरूलाई पानीको बप्तिस्मा लिनबाट कसैले रोक्न सक्छ ? **हामीहरूलाई झैं तिनीहरूलाई पनि पवित्र आत्मा प्राप्त भइसकेको छ** ।" त्यसैले येशू ख्रीष्टको नाउँमा तिनीहरूलाई **बप्तिस्मा** लिन तिनले आदेश दिए । अनि तिनीहरूले पत्रुसलाई तिनीहरूसँग केही दिन बस्न आग्रह गरे ।

- एफिससमा पावल : प्रेरित १९:१–६

  अपोल्लोस कोरिन्थमा छँदा, पावल भित्री इलाकाको बाटो हुदैं एफिसस पुगे । त्यहाँ तिनले केही चेलाहरू फेला पारे । तिनीहरूसँग उनले भने, **"विश्वास गरिसकेपछि के तपाईंहरूले पवित्र आत्मा पाउनुभयो ?"** तिनीहरूको जवाफ थियो, "छैन, पवित्र आत्मा हुनुहुन्छ भन्नेसम्म पनि हामीले सुनेका छैनौं ।" तसर्थ पावलले प्रश्न गरे, "त्यसो भए कस्तो बप्तिस्मा तपाईंहरूले लिनुभयो ?" तिनीहरूले उत्तर दिए, "यूहन्नाको बप्तिस्मा ।" पावलले भने, "यूहन्नाको बप्तिस्मा पश्चात्तापको बप्तिस्मा थियो । आफूपछि आउनुहुने येशूमाथि विश्वास गर्न तिनले मानिसहरूलाई अह्राए ।" यो सुन्नासाथ प्रभु येशूको नाउँमा तिनीहरूले बप्तिस्मा लिए । अनि पावलले तिनीहरूमाथि जसै हात राखे, तिनीहरूमा पवित्र आत्मा आउनुभयो र तिनीहरू विभिन्न भाषाहरूमा बोले अनि अगमवाणी गरे ।

- पावलको शिक्षा :

**२ तिमोथी ३:५** ले भन्दछ : भक्तिको भेषलाई लिने तर **त्यसको शक्तिलाई इन्कार गर्ने ।**

❖ हामी निश्चितरुपमा पनि “भक्तिको भेष” लिने बन्न **चाहादैनौं** वा बप्तिसमा लिएपछि आउने पवित्र आत्माको पूर्णतामा **सशक्तिकरण**को **इन्कार गर्न** र हामी**मा** पवित्र आत्मा नआउन चाहादैनौं ।

यदि हामी चाहान्छौं भने ... हामीले **उहाँलाई निभाउछौं**, र हामीद्वारा उहाँ के गर्न सक्नुहुन्छ र चाहानुहुन्छ त्यहिँ गर्न सक्नुहुन्छ ।

१. १ थेसलोनिकी ५:१९ आत्माको आगोलाई **ननिभाओ** ;

❖ हामी पवित्र आत्मालाई इन्कार गरेर र **“हुदैन”** भनेर **निभाउछौं** । यदि हामी यसौंमा अघि बढ्छौं र पापलाई “हुन्छ” भन्छौं भने, हामीले उहाँलाई **निभाउने** मात्र होइन तर दुःखी पनि पर्छौं ।

२. तर परमेश्वरको पवित्र आत्मालाई **सन्ताप नदेऊ**, जसद्वारा तिमी उद्धारको दिनका निम्ति छाप लगाइएका छौ । एफिसी ४:३०

❖ यदि हामी पवित्र आत्माको सशक्तिकरणको बप्तिसमालाई इन्कार गर्छौं भने हामीहरुको जीवनमा पवित्र आत्माको फल फलाउन धेरै गाह्रो हुदँछ र हाम्रो जीवनमा एउटा वा दुईवटा फल मात्र फलाउन सक्छौं ।

**गलाती ५:२१–२६** अनि डाह मादक पदार्थ सेवन, मोजमज्जा र यस्तै अरूहरू । मैले पहिला गरेजस्तै, अब पनि चेतावनी दिँदछु कि जुन व्यक्ति यस प्रकारले जिउँदछ ऊ कहिल्यै पनि परमेश्वरको राज्यको उत्तराधिकारी बन्न सक्दैन । तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धीरज, दया, भलाइ, विश्वस्तता, नम्रता र संयम हुन् । यस्ता कुराहरूको विरुद्धमा कुनै व्यवस्था छैन ।

- आत्माको पूर्णताको असल नाप वा चिन्ह चाहिँ हाम्रो जीवनमा भएको आत्माका फल हो ।

- तलका दुई पदहरुले आत्माको फलको पुरै फाइदाको लागि आवश्यक योग्यताहरु दिएको छ ।

(२४) जो जो ख्रीष्ट येशूका हुन्, उनीहरूले आफ्ना **पापमय स्वभावलाई यसका वासना र लालसा सहित क्रूसमा टाँगिदिएका छन्** । (२५) हामी आत्माअनुसार जिउँछौं भने, **आत्माअनुसार नै हिँडौं** । (२६) हामी अहंकारी नहोऔं, एउटाले अर्कोलाई रीस नउठाऔं, र एउटाले अर्कोको ईर्ष्या नगरौं ।

**आत्माका वरदानहरु**को लागि पनि उस्तै हो । तिनीहरुको कामको लागि – पवित्र आत्मामा बप्तिसमा हुनु पर्दछ – पवित्र आत्माको पूर्णता – **आवश्यक छ** ।

१ कोरन्थी १२:७–११ अब सबैको भलाइको लागि **आत्मा सबैमा प्रकट** हुन दिइन्छ । (८) **आत्माद्वारा** एउटालाई **बुद्धि**को कुरा बोल्ने, अर्कोलाई उही **आत्माद्वारा ज्ञानको** कुरा बोल्ने, (९) अर्कोलाई उही आत्माद्वारा **विश्वास**, अर्कोलाई उही **आत्माद्वारा निको पार्ने** वरदानहरू, (१०) अर्कोलाई **आश्चर्य– कर्म** गर्ने शक्ति, अर्कोलाई **अगमवाणी**, अर्कोलाई **आत्माहरू छुट्याउने**, अर्कोलाई **विभिन्न भाषाहरूमा बोल्ने**, अनि अझ अरूलाई चाहिँ **भाषाहरूको अर्थ खोल्ने** । (११) यी सबै एउटै अनि उही आत्माका काम हुन्, अनि यो उहाँ आफैले इच्छा गरेबमोजिम हरेकलाई नै दिनुहुन्छ ।

- ❖ पवित्र आत्माको अभिषेकले यि वरदानहरुलाई हाम्रो जीवनलाई सशक्तिकरण गर्छ ।

यसको लागि समर्पित जीवनको आवश्यकता छ . . . हाम्रो क्षमताहरु होइन : २ कोरन्थी १२:९ तर उहाँले मलाई भन्नुभयो, "मेरो **अनुग्रह** तिमीमा प्रशस्त छ, किनकि मेरो **शक्ति** दुर्बलतामा सिद्ध हुन्छ ।" यसकारण ख्रीष्टको **शक्ति ममा** बास गरोस् भनेर म अझ खुशीसाथ मेरा कमजोरीहरूमा गर्व गर्नेछु ।

❖ जब हामी असक्षम वा कमजोर हुन्छौं, र हामीलाई यो बारेमा थाहा छ, र हामी आज्ञाकारितको लागि विश्वासको कदम उठाउछौं, उहाँको अनुग्रह वा शक्ति हामीले गर्न नसकेको काम सकाउन हामीमा आउनुहुन्छ ।

❖ यो पदले मलाई पवित्र आत्माको नाम . . . अनुग्रह भन्नको लागि मन लाग्छ ।

❖ **पवित्र आत्मालाई प्राप्त गर्नु**

**प्रेरित २:३७–३९** जब त्यहाँ जम्मा भएका मानिसहरूले यो कुरा सुने, तिनीहरूको हृदय छियाछिया भयो । अनि तिनीहरूले पत्रुस र अरू प्रेरितहरूलाई सोधे, "ए भाइ हो, अब हामीले के गर्नुपर्छ ?" (३८) पत्रुसले जवाफ दिए, "तपाईंहरूले गरेका पाप क्षमाको निम्ति पश्चात्ताप गर्नुहोस् र येशू ख्रीष्टको नाममा तपाईंहरू हरेकले बप्तिस्मा लिनुहोस् । त्यसपछि तपाईंहरूले पवित्र आत्माको वरदान प्राप्त गर्नुहुनेछ । (३९)
किनकि परमेश्वरले प्रतिज्ञा तपाईंहरूका निम्ति, तपाईंका सन्तानका निम्ति र टाढा–टाढा बस्नेहरूका निम्ति गर्नुभएको हो । ती सबैका निम्ति जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ ।"

पत्रुसको प्रचार सुनेर तिनीहरूको हृदय छियाछिया भयो । अनि तिनीहरूले पत्रुस र अरू प्रेरितहरूलाई सोधे, "ए भाइ हो, अब हामीले के गर्नुपर्छ ?" पत्रुसको उत्तर हामीलाई पनि आज सत्य हुन आउदँछ :

१. **पश्चाताप गर्नु** – अविश्वासबाट विश्वासमा फर्कनु

> जब पाप नजिक आउदँछ परमेश्वरमा फर्कौं – र तपाई ढाड पाप तर्फ फर्काउनुहोस् र प्रभु येशूसँग हिड्नुहोस् ।

२. **बप्तिसमा लिनु** – यदि तपाईले पहिले नै बप्तिसमा लिनु भैसकेको छ भने, आफुलाई येशूमा र उहाँको सेवामा पुर्नसमर्पित गर्नुहोस् । "आफ्नो शरिरलाई जिउदो बलिको रुपमा समर्पण गर" (रोमी १२:१–२) हरेक बिहानी ।

- विश्वासयोग्य रितिले उहाँको सेवा गर्ने र आज्ञाकारि हुन बलियो करार व निर्णय लिनुहोस् ।
- प्रभु येशूलाई तपाईलाई अभिषेक गर्नको लागि/तपाईलाई भर्नको लागि/तपाईलाई पवित्र आत्मामा बप्तिसमा दिनको लागि आग्रह गर्नुहोस् ।
- परमेश्वरको वचनलाई विश्वास गर्दै माग्नुहोस् //उहाँका प्रतिज्ञा :

"तिमीहरूमध्ये कुनचाहिँ त्यस्तो बाबु होला, जसको छोराले रोटी माग्दा त्यसलाई ढुङ्गा देला अथवा माछा माग्दा त्यसलाई माछाको सट्टा सर्प देला ? (१२) अथवा अण्डा माग्दा त्यसलाई बिच्छी देला ? (१३) यदि तिमीहरू जो दुष्ट भईकन पनि आफ्नो छोराछोरीहरूलाई असल थोक दिन जान्दछौ भने, **झन् उहाँसँग माग्नेहरूलाई तिमीहरूका स्वर्गीय पिताले कति प्रशस्त गरी पवित्र आत्मा दिनुहुन्छ** ।" लूका ११:११–१३

३. प्रेरित २:३८ **त्यसपछि तपाईंहरूले** पवित्र आत्माको **वरदान प्राप्त गर्नुहुनेछ** । (३९) किनकि **परमेश्वरले प्रतिज्ञा तपाईंहरूका निम्ति, तपाईंका सन्तानका निम्ति र टाढा–टाढा बस्नेहरूका निम्ति गर्नुधभएको हो । ती सबैका निम्ति जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ** ।"

यदि तपाई बिगतका दिनमा पवित्र आत्माद्धारा बप्तिसमा लिनुभएको छ र तपाईमा उहाँ आउनुभएको छ . . . . भने

**एफिसी ५:१८–२१** तपाईको लागि हो :

दाखले नमात्तियौं जसले तिमीलाई विनासमा डोऱ्याउछ, (अर्को शब्दहरुमा, अन्य आत्माहरुले तपाईलाई नियन्त्रण गर्न नदिनुहोस् ) तर **पवित्र आत्मामा भरिपूर्ण होऊ** (वर्तमान, निष्कृय, आज्ञादेश जसको अर्थ – **भरिदै जाऊ**) ।

- शुरुवातको भरिपूर्णता वा पवित्र आत्माको भरिपूरि तर हरेक दिनको भरिई पनि निरन्तर हुनुपर्दछ ।

- हरेक दिन प्रभुसँग भेट गर्नुहोस् र आफुलाई उहाँमा र उहाँको सेवामा आफ्नो दिन सर्मपण गर्ने बानि बसाल्नुहोस् ।
- पवित्र आत्मामा बप्तिसमा दिन प्रभु येशूलाई भन्नुहोस् । र आत्मामा प्रार्थना गर्न समय बिताउनुहोस् ।
- दिनभरि आत्मामा बिस्तारै प्रार्थना गर्ने बानिको बिकास गर्नुहोस्, र एक्लै हुदाँ, चर्को स्वरमा ।

एफिसी ५: (१९) भजन, गीत र आत्मिकी गानमा एउटाले अर्कोसँग बोल । प्रभुको निम्ति तिमीहरूको हृदय गीत र सङ्गीतले भर, (२०) हरेक कुराको निम्ति हाम्रा प्रभु येशू ख्रीष्टमा, परमेश्‍वर पितालाई सधैँ धन्यवाद चढाओ । (२१) ख्रीष्टलाई आदर गर्दै एक अर्काको अधीनमा बस ।

ज्यू प्रभु ! तपाईको महिमाको निम्ति ।

आमिन